# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं भाद्र २४ गते २०२३ साल [ अतिरिक्ताङ्क २३ (ख)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रियपञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :-

२०२३ साल को ऐन नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अति-प्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रमशाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निर्वाचन आयोगको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– पञ्चायतका सबै तह र वर्गीय तथा व्यावसायिक संगठनहरूको समय समयमा हुने निर्वाचन सम्बन्धी कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्न एक निर्वाचन आयोगको गठन र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "निर्वाचन आयोग ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्वाचन आयोगको गठनः– (१) एक निर्वाचन आयोग हुनेछ जसमा एक प्रमुख निर्वाचन आयुक्त र आवश्यक भएमा श्री ५ महाराजाधिराजबाट निर्धारित गरी बक्से जति संख्यामा अन्य निर्वाचन आयुक्त रहने छन् ।

(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति श्री ५ महाराजाधिराजबाट गरिबक्सने छ ।

(३) निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्ने छन् ।

(४) (क) प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तले श्री ५ महाराजाधिराजका समक्ष लिखित समावेदन पेश गरी आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन् ।

(ख) कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त असमर्थ छन् भन्ने कुरा राज सभासंग परामर्श गर्दा श्री ५ महाराजाधिराजमा लागेमा मौसूफबाट निजलाई सो पदबाट हटाउन सकिबक्सनेछ ।

(५) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त श्री ५ महाराजाधिराजबाट नियम बनाई तोकि बक्से बमोजिम हुनेछ । प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त आफ्नो पदमा वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त वदलिने छैनन् ।

३. निर्वाचन आयोगको काम र अधिकारः– (१) नेपालको संविधान र तत्काल प्रचलित नेपाल कानून बमोजिम गाउं पञ्चायत, नगर पञ्चायत, जिल्ला सभा, जिल्ला पञ्चायत,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

अञ्चल सभा, अञ्चल पञ्चायत, राष्ट्रिय पञ्चायत र नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनको समय समयमा हुने सबै तहको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको आफ्नो कर्तव्य पूरा गर्न निर्वाचन आयोगलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) निर्वाचनको निमित्त मतदाताहरूको नामावली तैयार गर्ने वा गराउने,

(ख) निर्वाचनको, निमित्त रिटर्निङ्ग अफिसर, निर्वाचन अफिसर, प्रिजाइडिङ्ग अफिसर, पोलिङ्ग अफिसर वा अन्य कर्मचारीहरूको नियुक्ति गर्ने वा श्री ५ को सरकारको स्वीकृतिलिई त्यस्तो कुनै पदमा काम गर्न सरकारी कर्मचारी खटाउने,

(ग) निर्वाचनको निमित्त मतदान केन्द्र खडा गर्ने वा गराउने,

(घ) निर्वाचन निष्पक्ष र सफलतापूर्वक सञ्चालन गर्न अन्य आवश्यक व्यवस्था गर्ने ।

(३) तत्काल प्रचलित नेपाल कानून बमोजिम निर्वाचन ट्राइब्यूनलको गठन र त्यसको सदस्यहरूको नियुक्ति वा मनोनयन गर्दा निर्वाचन आयोगको सिफारिश बमोजिम गर्नेछ ।

४. निर्वाचन आयोगमा कर्मचारीको दरवन्दी र प्रशासकीय खर्चः- (१) निर्वाचन आयोगमा आवश्यक कर्मचारीको दरवन्दी सो आयोगको राय बुझी श्री ५ को सरकारले मिलाई दिनेछ ।

(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको पारिश्रमिक लगायत निर्वाचन आयोगको सम्पूर्ण प्रशासकीय खर्च संचित कोष प्रति व्ययभार हुनेछ ।

५. नियम बनाउने अधिकारः- निर्वाचन आयोगले आफ्नो कार्यविधि व्यवस्थित गर्न नियमहरू बनाउन सक्नेछ। तर ती नियमहरू श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेपछि मात्र लागू हुनेछन् ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले-
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०